मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :- ०८२।०८३
चलानी नं. :- ७६४

मिति : २०८२।०८।०१

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

**श्री जो जससँग सम्बन्धित छ।**

**रामेछाप** जिल्ला **मन्थली** नगरपालिका अन्तर्गत श्री **कालिका माध्यमिक विद्यालय** मन्थली-०६ मा रिक्त रहेको **प्राथमिक तह तृतीय श्रेणी** शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.न ३२ मिति २०८२।०७।३० गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्च**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना **kalika2021@gmail.com** मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

२०८२।०८।०१

बिष्णु बहादुर अधिकारी
शिक्षा अधिकृत

बिष्णु बहादुर अधिकारी
शिक्षा अधिकृत (सातौं)

**बोधार्थ**

- श्री शिक्षा विकास तथा समन्वय इकाइ, रामेछाप
- श्री **कालिका माध्यमिक विद्यालय** मन्थली-०६
- श्री ६ नं वडा कार्यालय: जानकारीको लागी
- श्री सुचना प्रविधि शाखा: वेवसाईटमा अपलोड गरिदिनुहुन